दुई

# विभेदको अर्को गाउँ : नयाँ मिडियामा मधेशी समुदाय विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति

**बीपी साह**

## परिचय

मिडियालाई "आवाज विहीनहरूको आवाज" भनिए पनि त्यही मिडियाबाट विभेद हुने र विभेदले प्रोत्साहन पाउने सम्भावना पनि उत्तिकै हुन्छ । पत्रपत्रिका, रेडियो र टीभी जस्ता पुराना मिडियामा मधेशी, आदिवासी र महिलालाई प्रायः होच्याउने गरिन्छ । उदाहरणका लागि नेपाली जनताको करबाट चल्ने र नेपाल सरकारको स्वामित्व रहेको रेडियो नेपालबाट प्रसारित कार्यक्रम "रामविलास-धनिया" मधेशी लबजहरूलाई हास्य तत्त्वको रूपमा प्रस्तुत गर्ने एउटा रेडियो कार्यक्रम थियो । उक्त कार्यक्रमको नक्कल गर्दै विभिन्न मिडियाहरूमा मधेशी भाषाको मजाक उडाउँदै हास्य तत्त्वको रूपमा प्रस्तुत गर्न थालियो । त्यस्तै, कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने सन्दिप क्षेत्रीको कार्यक्रम "ह्वाट द फ्लप" मा मिठाईलाल यादवको क्यारेक्टर थियो, जहाँ प्रस्तोता क्षेत्रीले मुखमा कालो पोतेर, मधेशीको जस्तो गम्छा लगाएर, मधेशी लबजलाई बिगारी प्रस्तुति गर्थे । यसै गरी, मधेशीहरूलाई हास्य पात्रको रूपमा प्रस्तुत गर्ने अर्को कार्यक्रम हो "जोगिन्दर बोले प्रणामजी" जुन हिमालय टेलिभिजनबाट प्रसारित हुन्थ्यो ।

"मूलधार" भनिने परम्परागत मिडियाभन्दा न्यू वा अनलाइन मिडिया फरक हुने आशा गरिन्छ । हुन पनि न्यू मिडियाको विशेषता परम्परागत मिडियाको भन्दा फरक छ । खास गरी यो मिडिया बढी अन्तर्क्रियात्मक हुन्छ । मल्टिमिडियाको प्रयोग पनि नयाँ मिडियामा गर्न सकिन्छ । यो मिडियामा पहुँच र यसको प्रयोग बढ्दै गएपछि यो माध्यम धेरैको अभिव्यक्तिको माध्यम बनिसकेको छ । त्यसैले, एकतिर न्यू मिडियामा पहिला पहुँच

नभएका व्यक्ति र समूहको पहुँच बढेको छ र तिनले यस मञ्च मार्फत आफ्नो विचार व्यक्त गरिरहेका छन् । अर्कोतिर लिंग, जाति, धर्म, समुदायको पहिचान विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति पनि अनलाइनमा बढेको छ । सामाजिक सञ्जालबाट लिंगका आधारमा पीडित हुनेमा बढीजसो महिला छन् । उदाहरणका लागि खोज पत्रकारिता केन्द्रबाट तयार गरिएको एउटा रिपोर्टिङमा नेपालमा सामाजिक सञ्जालमा हुने साइबर अपराधमा ८० प्रतिशत महिला पीडित भएको उल्लेख छ (पौड्याल २०७६) ।

यही परिप्रेक्ष्यमा मधेशी विरुद्ध अनलाइनमा भएका द्वेषपूर्ण अभिव्यक्तिको चर्चा र विश्लेषण यस लेखमा गरिएको छ । निर्वाचन आयोग (२०७९ : २) ले "द्वेषपूर्ण अभिव्यक्ति" को परिभाषा यसरी गरेको छ : "प्रत्यक्ष वा परोक्ष रूपमा जाति, राष्ट्रिय वा जातीय उत्पत्ति, धर्म, लैंगिकता, उमेर, अपांगता वा अन्य अपरिवर्तनीय समूहलाई इंगित गर्दै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन, लिखत वा व्यवहार ।" यस लेखमा विद्वेषपूर्ण अभिव्यक्तिको विमर्शको मात्र अध्ययन गरिएको छैन यस्ता प्रस्तुतिबारे मधेशी र अरू समुदायबाट भएको विरोधको चर्चा पनि गरिएको छ । त्यस्तै, न्यू मिडियामा मधेशी समुदायको प्रस्तुति पुरानो मिडियाभन्दा के फरक छ भनेर पनि हेरिएको छ । मैले न्यू मिडियामा देखिएको मधेशी समुदाय विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति पुरानै मिडियाकै निरन्तरता जस्तो देखिए पनि केही फरक रहेको तर्क गरेको छु । पुराना मिडियाबाट दिइने द्वेषपूर्ण अभिव्यक्तिको खण्डन वा विरोध थोरै मात्रामा हुने गरेको थियो । तर, नयाँ मिडिया प्ल्याटफर्मबाट नै त्यस्ता अभिव्यक्तिको चर्को विरोध हुने गरेको छ । विरोध भएकैले कतिपयले द्वेषपूर्ण अभिव्यक्ति हटाउने, क्षमा माग्ने गरेका उदाहरण परम्परागत मिडियामा भन्दा बढी पाइएको यस लेखमा देखाउन खोजेको छु । यो अनुसन्धानले मिडियाबाट मधेशीहरूमाथि भइरहेको विभेदबारे बुझ्न मद्दत गर्छ, जसबाट नीति निर्माताले कसरी समाजमा विभेद कम गर्न सकिन्छ भन्नेबारे योजना बनाउन सक्छन् । कतिपयले बुझेर वा नबुझेर मिडिया कन्टेन्ट (सामग्री) मार्फत मधेशी समुदायमाथि विभेद गरिरहेका छन् । यस्ता द्वेषपूर्ण अभिव्यक्तिप्रति सचेत भएमा यसले समाजमा सद्भावको वातावरण बनाउन मद्दत पुग्न सक्छ ।

न्यू मिडियामा मधेशी विरुद्ध भएको द्वेषपूर्ण अभिव्यक्तिप्रति मेरो रुचि आफ्नै अनुभव र भोगाइका कारण जागेको हो । साउन २, २०६९ बाट साउन १५, २०६९ सम्म देशकै प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, काठमाडौँको पूर्वी-दक्षिणतर्फ रहेको हनुमानस्थान चोकमा हामी एक दर्जन जति मधेशी पत्रकारहरू रिले अनसनमा बसेका थियौँ । नेपालका मिडिया हाउसमा मधेशीमाथि हुने विभेदको अन्त्य हुनुपर्छ भन्ने हाम्रो मुख्य माग थियो । मधेशीप्रति घृणा फैलाउने सामग्री सम्प्रेषण गर्ने कार्य बन्द गरिनुपर्छ भनेर हामीले आवाज उठाएका थियौँ । अनसनकै क्रममा अन्य मागहरू थपिँदै गए । जस्तै, राज्य-प्रशासनका

विभिन्न अंगहरू समावेशी हुँदै जाँदा अब नेपालका मिडिया पनि समावेशी हुनुपर्छ भन्ने एउटा माग थियो । नेपालका मिडियामा मधेशीको सहभागिता र पहुँच नहुँदा मिडियाबाट मधेशीमाथि विभेद भइरहेको प्रस्ट थियो । त्यस्तै, मधेशीप्रति घृणा फैलाउने, मधेशीहरूलाई हास्य पात्रका रूपमा नेपालका सञ्चार माध्यमहरूले प्रस्तुत गर्दैआएका कारण नेपालका मिडियाहरूमा मधेशीको सहभागिता बढाउनुका साथै मिडिया कन्टेन्टमा पनि मधेश र मधेशी बारेको सकारात्मक प्रस्तुति हुनुपर्छ भनेर हामीले माग राखेका थियौँ । विभिन्न राजनीतिक दल, नेपाल पत्रकार महासंघ, निजी सञ्चार माध्यमहरूको छाता संगठनहरू, राज्य नियन्त्रित सञ्चार संस्थाका प्रतिनिधिहरू र मिडियाका लागि पैरवी गर्ने संघ-संस्थाहरूको अनसनमा समर्थन प्राप्त हुँदै गयो । १२ दिनसम्म रिले अनसन जारी रहेपछि बाध्य भएर नेपाल सरकारले अनसनरत मधेशी पत्रकारहरूसँग साउन १५, २०६९ मा सूचना तथा सञ्चार मन्त्रालयमा वार्ता गऱ्यो । सोही दिन भएको सहमतिको बुँदा नम्बर ६ मा भनिएको छ, “विद्युतीय सञ्चार माध्यममा कुनै पनि वर्ग वा समुदायलाई होच्याउने किसिमका कार्यक्रम वा सामग्री प्रसारण नगर्न मन्त्रालयले सम्बन्धित सबैलाई आवश्यक निर्देशन दिनेछ र त्यसरी प्रसारण भएमा गुनासो सुन्ने सम्बन्धमा छुट्टै संयन्त्रको व्यवस्था गर्नेछ” (ओझा २०६९) । सहमति बमोजिम भदौ २८, २०६९ मा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट “सञ्चार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग” गठन भयो । उक्त आयोगको सदस्यका रूपमा नेपाल सरकारबाट म पनि नियुक्त भएँ । उक्त आयोगमा काम गर्ने क्रममा नेपालका मिडियाका विभिन्न पक्ष अध्ययन गर्ने मौका पाएँ । नेपालका मिडियामा मधेशी सहित, आदिवासी जनजाति, महिला, दलित र सीमान्तकृत समुदायको सहभागिता, मिडिया मार्फत उनीहरूलाई गरिने चित्रण, उनीहरूप्रति मिडिया मार्फत निर्माण हुने दृष्टिकोण लगायतका विषयमा जानकारी प्राप्त गर्ने मौका पाएँ ।

प्रस्तुत अध्ययनका लागि विभिन्न मिडिया प्ल्याटफर्ममा उपलब्ध सार्वजनिक सामग्रीहरू संकलन गरी अध्ययन गरिएको छ । मधेशीप्रति घृणा फैलाउने र अपहेलित गर्ने सामग्रीहरू सामाजिक सञ्जाल (सोसल मिडिया) तिर प्रस्तुत हुन्थ्यो । यस्ता सामग्री मैले संकलन गरेको मात्र थिइनँ, यसबारे साइबर ब्यूरोमा चार ओटा निवेदन पनि दिएको थिएँ । त्यस्ता केही मुद्दा यस लेखमा विवेचना गरिएको छ । त्यसैले, मेरो भोगाइ पनि यस लेखमा प्रतिबिम्बित हुन्छ । साथै, युट्यूबमा पनि अरू सामग्री खोजिएका थिए । टेलिभिजन, युट्यूब, ट्विटर, फेसबुक र टिकटकमा आएका सामग्रीहरूको घटना अध्ययन गरी विश्लेषण गरिएको छ । यहाँ टेलिभिजन भनिए पनि यस्तो सामग्री अनलाइनमै सर्वाधिक हेरिने गरिएको छ । त्यसैले, यो मुख्यतः सामाजिक सञ्जालमा भएको द्वेषपूर्ण अभिव्यक्तिबारे अनुसन्धान हो । यी विभिन्न केस (मुद्दा) को छिनोफानो गरिएपछि भने यसबारे अनलाइनमा प्रकाशित समाचार र भिडियोको खोजी गरिएको छ ।

लेखको अबको खण्डमा मधेशी समुदाय विरुद्ध भएको द्वेषपूर्ण अभिव्यक्तिका उदाहरणहरू केलाइएको छ । यस क्रममा युट्यूब, टिकटक र ट्विटरमा भएका यस्ता अभिव्यक्ति र विरोधको मैले चर्चा गरेको छु । त्यस पछिको खण्डमा यी उदाहरणलाई आधार बनाई थप विश्लेषण गरिएको छ । अन्तिममा निष्कर्ष छ ।

## मधेशी विरुद्ध द्वेषपूर्ण अभिव्यक्तिका केही उदाहरण

नयाँ मिडियामा मधेश विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति प्रकट गरिएका धेरै उदाहरण पाइन्छ । यहाँ केही यस्ता महत्त्वपूर्ण उदाहरणको मात्र वर्णन गरिएको छ ।

### *युट्यूबमा कृषि टेलिभिजन र "कोरोना बिर्साउने गफगाफ"*

आजकल धेरै टेलिभिजन च्यानलले आफ्नो कार्यक्रम युट्यूबमा अपलोड गर्न थालेका छन् । यस्ता कार्यक्रम युट्यूबमा राखिएपछि भने विभिन्न पक्षबाट बहस हुन थाल्छ । यस्तो एउटा उदाहरण बन्यो कृषि टेलिभिजनको "कोरोना बिर्साउने गफगाफ" । हुन त यो टीभीको नामैले यसले कृषिसँग सम्बन्धित कार्यक्रम बनाउनुपर्ने हो । किनभने २०७३ मा कृषकलाई ध्यान दिई यो टीभीको स्थापना गरिएको हो । कोरोनाका कारण लकडाउन भएपछि घरमा बसिरहेका दर्शकलाई ध्यान दिई चैत २०७६ को तेस्रो साता "कोरोना बिर्साउने गफगाफ" शुरू गरिएको थियो (अनलाइनखबर २०७७) ।

यस कार्यक्रमको जेठ १, २०७७ को शृंखलामा भने प्रस्तोता गोमा पाण्डे र सूर्य भण्डारीले स्टुडियोमा बसी दर्शकसँग कुराकानी गरेका थिए (हेर्नुहोस्, तस्बिर १) । जम्मा ४५ मिनटको उक्त कार्यक्रमको शुरूमै मधेशी जस्तो देखिने भेषभूषा लगाएका अनि अनुहारमा कालो पोतेका भण्डारीलाई देखाउँदै "*भैया* आउनु भएको छ, कुरा गर्नुस्" भनी दर्शकलाई फोन गर्न अनुरोध गरिएको छ । भण्डारीले भने आफू अण्डा, बन्दा, खुर्सानी बेच्न आएको भन्दै चिउरा खाँदै गफ गरेका छन् । यसरी हेर्दा बाटोमा सामान बेच्दै हिड्ने व्यक्तिहरूले भोग्नुपरेको समस्या देखाउँदै ख्याल ठट्टा गर्न खोजेको देखिन्छ ।




*तस्बिर १ : "कोरोना बिर्साउने गफगाफ" कार्यक्रमको एक दृश्य ।*

कार्यक्रममा सहभागी धेरै दर्शक र कार्यक्रम प्रस्तोताले मधेशी समुदायलाई होच्याएका थिए । उनीहरूले मधेशीले खाने भनेको यस्तै सुख्खा रोटी, नुन खुर्सानी र चिउरा नै त हो नि भनेका छन् । त्यति मात्र होइन मधेशी अरू "नेपाली" भन्दा फरक हुन्छन् भनिएको छ । नेपाली मान्छे दयालु हुने, अरूलाई बाँडेर खाने तर मधेशीको जात नै बाँडेर नखाने खालको भएको बताइएको छ । त्यस्तै, कोरोना सार्ने उनीहरू तर "नेपाली" लाई दोष दिने गरेको पनि भनिएको छ । सो कार्यक्रममा प्रयोग भएका शब्द वा संवादद्वारा मधेशीहरू नेपाली नै होइनन् भन्ने सन्देश दिन खोजिएको छ । यसरी मधेशी समुदायलाई होच्याउने र कोरोना सार्ने भनी दोषारोपण गर्ने अभिव्यक्ति यस कार्यक्रममा गरिएको छ । भाषा/शब्द बंग्याएर बोल्दा कसैलाई ठेस पुग्न सक्ने औँल्याउँदै त्यसप्रति ध्यान दिन कैलालीबाट फोन गरी एकजना दर्शक कृष्णप्रसाद चौधरीले कार्यक्रममा सुझाव दिएका थिए । तर, कार्यक्रमका प्रस्तोता र अतिथि दुवैले त्यस सुझावलाई खासै महत्त्व दिएको देखिएन । हास्य-व्यंग्य कार्यक्रम भएकोले यस्तो भाषा वा शैलीलाई गम्भीर रूपमा लिन नहुने उनीहरू दुवैको आशय थियो ।[१]

कार्यक्रमको यो शृंखला युट्यूबमा राखिएपछि भने धेरैले उक्त कार्यक्रम हेरेर प्रतिक्रिया जनाउँदै द्वेषपूर्ण अभिव्यक्तिको प्रतिवाद गरे । उक्त कार्यक्रमको सामाजिक सञ्जाल र मधेशी समाजमा चर्को विरोध भएपछि विभिन्न निकायले चासो देखाए । विरोध भएपछि कार्यक्रम प्रस्तोताले अर्को दिनको कार्यक्रममा माफी मागेकी थिइन् भने टीभीका तर्फबाट कार्यक्रम सञ्चालकलाई सचेत पनि गराइएको थियो । कार्यक्रम पनि युट्यूबबाट हटाइएको थियो (अनलाइनखबर २०७७) । मधेशी समुदायको खिल्ली उडाउँदै अपमानित गरिएको भन्दै मधेश प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले जेठ ७, २०७७ मा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई कारवाहीका लागि पत्राचार गऱ्यो । त्यही दिन मधेशमा विद्यार्थी जनमत संघले विरोध जनाउँदै कृषि टीभीलाई कारवाहीको माग गर्दै गृहमन्त्री समेतको पुत्ला जलायो (न्यूज ब्यूरो २०७७क) ।[२] पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को दफा ३(४), ४(३), ४(६), ५(१) उल्लंघन भएको देखी प्रेस काउन्सिल नेपालमा यस सम्बन्धी उजुरी गरेपछि काउन्सिलले तीन दिने स्पष्टीकरण सोधेको थियो । त्यसपछि जेठ ८, २०७७ मा टेलिभिजनलाई स्पष्टीकरण सोध्दै काउन्सिलले कारवाही प्रक्रिया अगाडि बढाएको थियो । प्रेस काउन्सिलले निर्देशन दिएपछि टेलिभिजनले क्षमा मागेर सफाइ पायो (प्रेस काउन्सिल नेपाल २०७७) ।

[१] हेर्नुहोस्, भिडियो लिंक www.facebook.com/watch/?ref=search&v=2388506954780924

[२] हेर्नुहोस्, भिडियो लिंक www.youtube.com/watch?v=ewq1S99ATPs&ab_channel=JanamatOnline

## *सेखु धमाका युट्यूब च्यानल*

युट्यूबमा प्र्यांक भिडियो अपलोड गर्ने सेखु धमाका च्यानलका झण्डै १ लाख ५६ हजार “सब्सक्राइबर” छन् । जनवरी २०१९ मा बनाइएको उक्त च्यानलमा शुरूमा अन्तर्वार्ताहरू “वेबकास्ट” गरिएको थियो । त्यसपछि दर्शक बढाउन विभिन्न खालका सनसनीपूर्ण सामग्री र प्र्यांक भिडियोहरू अपलोड भएका छन् ।

डिसेम्बर २०२० मा अपलोड भएको एउटा भिडियोमा भने मधेशी विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिइएको छ । एक जना गैरमधेशी मूलका पुरुष मुखमा कालो पोतेर, टाउकोमा गम्छा बाँधेर र लुंगी लगाएर मधेशी पहिरनमा देखिन्छन् (हेर्नुहोस्, तस्बिर २) ।[३] जम्मा १६ मिनेट ४८ सेकेण्डको उक्त भिडियोमा उनले सर्वसाधारणहरूसँग कुराकानी गर्दा मधेशी उच्चारणलाई बिगार्दै अपशब्दहरू प्रयोग गरेका छन् । मधेशबाट आएको जस्तो देखिने एक जनाले पशुपति क्षेत्रको गुहेश्वरी मन्दिर क्षेत्रमा बसेका केही व्यक्तिहरूसँग संवाद गरेको देखाइएको छ । यस क्रममा उक्त पात्रले मधेशी भाषाको उच्चारणलाई बिगार्दै आफू गर्लफ्रेण्ड भेट्न जान लागेको भन्दै सडकमा बसेका मान्छेहरूसँग प्रश्न गरेका छन् । आफूलाई मधेशी हास्यपात्रको रूपमा देखाउँदै उसले कुनै बेला सडकमा पिसाब गरेका, कुनै बेला लुगा खोलेका र कुनै बेला “छम्मा गज्जबको माल” जस्ता वाक्यांशहरू प्रयोग गरेका छन् । अन्तिममा आफू मधेशी नभई स्पेशल नेपाली भएको बाटामा भेटिएका व्यक्तिमाझ खुलासा पनि गरेका छन् । भिडियोको अन्त्यमा कालो पोतेर मधेशीको रोल गर्दा मज्जा आएको बताएका छन् । अर्थात् यस भिडियोमा मधेशीलाई हास्यपात्र बनाइएको र असभ्य देखाउन खोजिएको छ ।

सामाजिक सञ्जालमा मैले उक्त भिडियोको विरोध गर्न शुरू गरेपछि धेरैले युट्यूब च्यानलमै गएर रिपोर्ट गरे र कोहीले कमेन्ट खण्डमा गाली गर्न थाले । त्यसपछि उक्त भिडियो च्यानलबाट हटाइयो ।

कमेडी र प्र्यांकको नाममा युट्यूबमा आउने अधिक विषयवस्तु छाडा छन् । र, यस्तै विषयवस्तुमा दर्शक पनि बढेको देखिन्छ । छाडा वा यौनजन्य खालका विषयले सबै समुदायलाई बदनाम वा अपहेलित महसुस नगराउन सक्छ । तर, जाति, समुदायका विषयलाई मजाकको रूपमा बनाइएको कार्यक्रमले सम्बन्धित समुदायलाई अपहेलित महसुस गराउन सक्छ । मधेशी र नेवारको सवालमा पहिरन र बोली बिगारेर युट्यूबमा कमेडी वा प्र्यांकको नाममा राखिएका यस्ता कैयौँ भिडियो पाइन्छ, जसले यी समुदायका दर्शकहरूलाई अपहेलित वा बेइज्जत भएको महसुस गराउँछ । यसमा उत्पादकहरू संवेदनशील भएको पाइँदैन ।

[३] हेर्नुहोस्, भिडियो लिंक www.youtube.com/watch?v=sYjPJX5lkNA । यो भिडियो हटाइएको थियो । हेर्न मिल्ने लिंक www.facebook.com/bpsah91/videos/3813394092024852



*तस्बिर २ : सेखु धमाकाको एक शृंखलाको दृश्य ।*

## *स्थानीय निर्वाचन २०७४ र मैथिली विज्ञापन*

चुनावमा मतदाता शिक्षाको महत्त्व हुन्छ । "मतदाता शिक्षा" भन्नाले निर्वाचन अवधिमा मतदान, मतदानको महत्त्व, मतदान गर्ने तरिका लगायतका विषयमा मतदातालाई लक्षित गरी सञ्चालन गरिने शिक्षा, सूचना तथा सन्देश सम्झनुपर्छ (निर्वाचन आयोग २०७९) । अर्थात् निर्वाचन बारेका महत्त्वपूर्ण जानकारीहरू स्थानीय तह सम्मका जनतालाई दिइने कार्यक्रम मतदाता शिक्षा हो, जसले मतदान प्रक्रियामा सहयोग गर्छ । निर्वाचनमा मतदाताले मतदान प्रक्रियाबारे बुझोस् भनी विभिन्न भाषामा निर्वाचन आयोगले प्रचारप्रसार गर्दैआएको छ । नयाँ मिडिया मार्फत विभिन्न भाषामा छोटा भिडियो बनाएर आयोगले वेबकास्ट गर्दै पनि आएको छ । कलाकारहरूलाई प्रयोग गरी भिडियो बनाउने र चर्चित व्यक्तिहरूलाई निर्वाचन प्रचार प्रयोजनका लागि निर्वाचन आयोगले उपयोग गरेको देखिन्छ । पछिल्लो समय निर्वाचन आयोगले "एनिमेटेड" भिडियो पनि प्रयोग गरेको छ ।

२०७४ सालको स्थानीय निर्वाचनका क्रममा मतदाता शिक्षाका लागि तयार पारिएको एउटा भिडियो विवादित हुनपुग्यो । कुल २ मिनेट २९ सेकेण्डको उक्त विज्ञापन मैथिली भाषामा बनाइएको थियो । सो भिडियोमा मधेशको एउटा गाउँमा एउटी महिलाले मतदाताहरूलाई मतदान गर्न सिकाएको दृश्य छ । यस क्रममा एक जना वृद्ध यस्तो शिक्षा नचाहिने भनी जिद्दी गर्छिन् । मैथिली भाषीलाई ध्यानमा राखेर बनाइएको उक्त विज्ञापन मैथिली मातृभाषी मतदाताका लागि राम्रो हो । तर, त्यस भिडियोले मधेशीको खिल्ली उडाएका कारण विवादित भयो ।

भिडियोमा महिलाको भूमिका कुञ्जना घिमिरे (सुन्तली) ले गरेकी थिइन् । उनलाई मधेशी जस्तो देखाउन मुखमा कालो रंग पोतिएको (हेर्नुहोस्, तस्बिर ३) र उनले प्रयोग गरेको मैथिली लबजका कारण सो प्रचार सामग्री विरोधको निशानामा पऱ्यो । उनको मैथिली भाषाको बोलाइ उट्पट्याङ सुनिन्थ्यो । जेठ २२, २०७४ मा बीबीसी मिडिया एक्सनका पत्रकार जितेन्द्र झाले आफ्नो फेसबुक वालमा लेखे, “मुखमा कालो पोत मधेशी बन । सुन्तली निर्वाचन आयोगको विज्ञापनमा ।” सँगै, निर्वाचन आयोगले तयार पारेको विज्ञापनको युट्यूब लिंक पनि पोस्ट गरे । मतदानको तरिकाबारे मधेशी समुदायमाझ स्थानीय भाषामा प्रचारप्रसार गर्ने असल मनसाय हुँदाहुँदै पनि विज्ञापन निर्माताले मधेशीको संवेदनशीलतालाई ख्याल गरेनन् । निर्वाचन आयोग जस्तो महत्त्वपूर्ण निकायले पनि मधेशीलाई कालो वर्णको मात्र देखाएको भन्दै सामाजिक सञ्जालमा तीखो आलोचना भयो । मधेशका बुद्धिजीवी तथा विभिन्न राजनीतिक दलका नेताहरूले निर्वाचन आयोगको उक्त विज्ञापनको विरोध गरे ।[४] आलोचकहरूले यस्तो विषयमा आगामी दिनमा सावधानी अपनाउन आयोगलाई पनि सुझाएका थिए ।



*तस्बिर ३ : कलाकार कुञ्जना घिमिरेको अनुहारमा कालो पोतेर बनाइएको विज्ञापनको एक दृश्य ।*

आलोचना भएपछि निर्वाचन आयोगले उक्त विज्ञापन युट्यूबबाट हटायो ।[५] तर, आयोगले यस विषयमा आधिकारिक रूपमा कुनै प्रतिक्रिया दिएन । आयोगका तत्कालीन आयुक्त इला शर्माले न्यूज २४ टेलिभिजनको एक कार्यक्रममा आफूले ट्विटरमा क्षमा मागेको

[४] हेर्नुहोस्, www.hulakinews.com/archives/13160

[५] यसरी हटाउनअघि नै यो भिडियो वेब आर्काइभ http://web.archive.org/web/20170605094541/https://www.youtube.com/watch?v=B0dpNHawi9s मा सुरक्षित गरिसकिएको थियो ।

र भिडियो हटाउन लगाएको जानकारी दिएकी थिइन् । खराब मनसायले त्यो विज्ञापन नबनाइको र यसबाट कसैको मन दुखेको भए माफी माग्न चाहेको जानकारी उनले गराइन् ।[६]

उक्त भिडियो हटाइएपछि मधेशी कलाकार ममता पंडितलाई प्रयोग गरी निर्वाचन आयोगले मैथिली भाषामा अर्को प्रचार सामग्री बनाएको थियो । निर्वाचन आयोगको युट्यूब च्यानलमा कलाकार पंडितले अभिनय गरेको उक्त विज्ञापन असार ११, २०७४ मा अपलोड थियो । अर्थात् करिब २० दिनभित्र मधेशी कलाकारलाई नै प्रयोग गरी निर्वाचन आयोगले अर्को विज्ञापन तयार पारेको थियो । निर्वाचन आयोगका कर्मचारी र पदाधिकारीहरूको मानसिकतामा पनि मधेशीहरूको वर्ण र भाषा हास्य तत्त्वको रूपमा रहेको उक्त विज्ञापनबाट बुझिन्छ । यसबाट विज्ञापन निर्माता एवं कलाकारहरूको मानसिकतामा पनि मधेशीहरू कालो नै हुन्छन् भन्ने रहेको देखिन्छ । भलै, चर्को आलोचना पश्चात् उनीहरू पुनर्विचार गर्न बाध्य भए र मधेशी कलाकारलाई नै प्रयोग गरी अर्को प्रचार सामग्री तयार पारे ।

मधेशी समुदायका उपभोक्तालाई लक्षित गरी निजी क्षेत्रबाट उत्पादित सामग्रीहरूको प्रचार-प्रसारका लागि तयार पारिएका विज्ञापनहरूमा मधेशीको भूमिकामा पनि गैरमधेशी समुदायलाई खेलाइएको देखिन्छ । राज्य नियन्त्रित एवं जनताको करबाट बनाइने विज्ञापन अथवा कार्यक्रममा पनि मधेशी समुदायको अभिनय गर्न गैरमधेशी समुदायका कलाकार वा व्यक्तिलाई प्रयोग गरिन्छ । यसबाट त्यस्ता विज्ञापनमा उल्लिखित कमी कमजोरी देखिएका त छन् नै, मधेशी समुदायका कलाकारहरूको रोजगारी वा अवसर पनि खोसिएको छ । त्यसकारण मधेशी समुदायलाई लक्षित गरी तयार गरिने प्रचार-प्रसार सामग्रीमा मधेशी समुदायकै कलाकारलाई अवसर दिनुपर्ने आवाज पनि उठ्दै आएको छ । यसरी निश्चित् समुदाय लक्षित विज्ञापनमा सोही समुदायका कलाकार वा व्यक्तिलाई उपयोग गर्दा उक्त विज्ञापनको स्वीकार्यता, प्रभावकारिता र ती समुदायका कलाकारहरूको रोजगारी पनि बढ्न जान्छ ।

### *टिकटकमा सुस्मिता सापकोटा*

नेपालमा टिकटक प्रयोगकर्ता पछिल्लो वर्षमा बढ्दै गएका छन् । विभिन्न गीतसंगीत, डायलगमा १५ सेकेण्डदेखि ३ मिनेट सम्मको भिडियो बनाएर राख्न मिल्ने यो सामाजिक सञ्जाल नेपालमा छोटो समयमै व्यापक प्रयोगमा आयो । कोरोनो महामारी शुरू भएपछि लकडाउनले गर्दा घरभित्रै सीमित हुनुपर्ने बाध्यताका कारण यो सामाजिक सञ्जालको प्रयोगकर्ता नेपालमा पनि ह्वात्तै बढे ।

समाजमा रहेका विभेदलाई देखाउने भिडियोहरू पनि टिकटकमा पाइन्छ । यस्ता भिडियोमा मधेशी, आदिवासी जनजाति, दलित लगायतलाई हेपिन्छ । मधेशका सवालमा

[६] हेर्नुहोस्, www.youtube.com/watch?v=dOWBWpzm-IE

जातीय टिकटकहरू पनि पाइन्छ । आफ्नो जातलाई गर्व महसुस गराउने र अन्य जातलाई होच्याउने खालका भिडियोहरू पनि प्रशस्तै छन् ।

यहाँ चर्चा गरिएको एउटा भिडियो कोरोना महामारीका बेला मधेशीलाई अपहेलित गर्ने खालको थियो । सुस्मिता सापकोटा नामको अकाउन्टबाट मधेशीलाई गाली गर्दै बनाइएको भिडियो टिकटकमा अपलोड गरिएको थियो । ३० सेकेण्डको उक्त भिडियोमा हिन्दीमा यसो भनिएको छ : "चुतिया, मधेशी, धोती, भेले, डाकु हमारे गाउँमे आके बहोत परेशान कर्के रखा है । क्यों नहीं बोला लेते अपने देश इण्डियामें, भेरी बकरी की तरह, ओ आई सी, उधर खाने पिनेको नही मिलता है ना फिर भेज देते हो नेपालमें, जाउ भाइ चोरी डकैती करके खाउ, जिले अपनी जिन्दगी । फिर बोलता है कालापानी हमारा है, तेरी माँ की भोसरी । तुमारा बापले भेजा हे क्या नेपालको दहेजमें । साला भोसरी बोलता हे हामारा हे ।"[७] यस भिडियोमा उनले मधेशीलाई भेले, घ्यागर, धोती भन्दै सधैँ चोरी गरी हैरान गरेकाले किन उनीहरूलाई भारत नबोलाइएको भनेकी छिन् । त्यतिमात्र होइन भारतमा खाने कुरा नभएकाले चोरी र डकैती गर्न नै भारतले उनीहरूलाई नेपाल पठाएको उनको कथन थियो ।

१ लाख ६९ हजारभन्दा बढी फलोअर रहेको सापकोटाको टिकटक अकाउन्टबाट उक्त भिडियो अपलोड भएपछि विभिन्न टिकटक प्रयोगकर्ताले मलाई सो मिडिया पठाएपछि मैले उक्त भिडियो सहित नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी दिएँ । तर, कारवाही भएन । प्रहरीले बारम्बार अनुसन्धान गर्दैछौँ भनेर आलटाल गरे । टिकटक सहितका सामाजिक सञ्जालमै सापकोटाको भिडियोको चर्को विरोध भएपछि उनले भिडियो डिलिट गरेर माफी समेत मागेकी थिइन् । उनले उक्त भिडियो भारतीयलाई लक्षित गरिएको र आफू पनि मधेशी नै भएको जानकारी दिएकी थिइन् । यसरी धेरैबाट आलोचित भएपछि उनले आफ्नो भिडियो हटाइन् । उनलाई ट्याग गरेर अन्य टिकटक प्रयोगकर्ताहरूले गालीगलौज गर्दै टिकटकहरू पोष्ट गर्ने, सापकोटाको अन्य भिडियोको कमेन्टमा गाली गर्ने क्रम बढ्न थालेपछि उनले आफ्नो टिकटक आईडी परिवर्तन गरेर अर्कै नाम राखिन् ।

नयाँ मिडिया अथवा सोसल मिडियाबाट आउने द्वेषपूर्ण अभिव्यक्तिका सवालमा राज्यका न्यायिक एवं अर्धन्यायिक निकायहरूको भूमिका पनि विभेदकारी देखिन्छ । जहाँ सुस्मिता सापकोटाको द्वेषपूर्ण अभिव्यक्तिलाई उनले माफी मागेको भरमा छुट दिइन्छ, त्यहीँ मधेशी समुदायका कमेडियन अपूर्व क्षितिज सिंहमाथि भने मुद्दा लगाएर प्रहरी हिरासतमा पठाइन्छ । कमेडियन सिंहले नेवार समुदायमाथि कमेडी भिडियो बनाएका थिए, जसका कारण उनीमाथि प्रहरीले मुलुकी अपराध संहिता २०७४ अनुसारको कसुरमा काठमाडौँ

[७] हेर्नुहोस्, www.facebook.com/watch/?ref=search&v=719822682155925 । व्यापक आलोचनापछि उनले यो भिडियो मात्रै हटाइनन्, आफ्नो टिकटक अकाउन्ट नै बन्द गरिन् ।

जिल्ला अदालतमा मुद्दा दर्ता गराएको थियो ।[८] कमेडियन सिंह झण्डै २३ दिन प्रहरी हिरासतमा बसेर २ लाख ५० हजार धरौटीमा रिहा भएका थिए (थामी २०७९) । उनले पनि आफ्नो भिडियो डिलिट गर्दै नेवारी समुदायसँग माफी मागेका थिए । अपूर्व क्षितिज सिंह मधेशी समुदायको भएकोले राज्यले उनलाई दण्डित गरेको तर सुस्मिता सापकोटा, सन्दिप क्षेत्री लगायतकाहरू गैरमधेशी भएकोले राज्यले जोगाएको भन्ने बहस समेत सामाजिक सञ्जालहरूमा चलेको थियो ।

### *ट्विटरमा राजनीतिक नेताहरू*

नेपाली राजनीतिका जिम्मेवार भूमिकामा रहेका कतिपय नेताहरूले सामाजिक सञ्जालमा मधेश विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिएका छन् । मधेशी समुदायप्रति लक्षित कतिपय पोष्टको चर्को आलोचना सामाजिक सञ्जालमै भएको छ । ती मध्येको एउटा पोष्ट हो नेकपा एमालेका नेता शंकर पोखरेलको । "मधेशी जनता अधिकांश कालोवर्णका छन् । मधेशी मोर्चाले असोज ३ लाई कालो दिवस भनेर त्यहाँका जनताको सम्मान गर्न खोज्या कि अपमान ? बुझ्न गाह्रो भो," शंकर पोखरेलले भदौ २१, २०७३ मा ट्विट गरे । संविधान निर्माणमा असन्तुष्टि जाहेर गर्दै संविधान घोषणा भएको दिन असोज ३ लाई मधेशी मोर्चाले कालो दिवसको रूपमा मनाउँदै आएको सन्दर्भमा उनले यस्तो ट्विट लेखेका थिए ।

उक्त दिन र मधेशीको रंगमाथि टिप्पणी गरेपछि पोखरेलको व्यापक आलोचना भयो । तत्कालीन सांसद एवं मधेशी जनअधिकार फोरमका नेता अभिषेक प्रताप शाहले नेता शंकर पोखरेलले "मानसिक सन्तुलन गुमाएको" टिप्पणी गरे । अर्का पत्रकार शुभक महतोले यस्ता नेताहरूले मधेशीलाई होच्याउने तर पछि भोट माग्न मधेशीकै खुट्टा ढोग्ने गर्छन् भनी टिप्पणी गरेका थिए (अलि सन् २०१६) । पछि नेता पोखरेलले सो ट्विट हटाएर आफूले मधेशी समुदायलाई होच्याउन नखोजेको भन्दै स्पष्टीकरण दिँदै अर्को ट्विट गरेका थिए ।

रौतहट जिल्लाको सदरमुकाम गौरमा मधेशी मोर्चाले पोखरेलको अभिव्यक्तिको विरोधमा प्रदर्शन समेत गरेको थियो । सो क्रममा कार्यकर्ताहरूले नेता पोखरेलको पुत्ला दहन गरेका थिए । सामाजिक सञ्जाल ट्विटरमा नेता पोखरेलले गरेको ट्विटमा प्रयोग गरिएको भाषा र शब्द मधेशी जनताको भावनामा चोट पुऱ्याउने खालको रहेको भन्दै चर्को बिरोध गरिएको थियो (हुलाकी न्यूज सन् २०१६) ।

[८] मुलुकी अपराध संहिता २०७४ को दफा १६० मा भेदभावपूर्ण व्यवहार गर्न नहुने, दफा ६५ मा सार्वजनिक शान्ति खलल पार्न नहुने, दफा १६६ मा जातपातका आधारमा छुवाछूत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने र दफा १६८ मा अपमानजनक वा अमावनीय व्यवहार गर्न नहुने उल्लेख छ ।

त्यस्तै, जेठ १०, २०७८ मा नेकपा-एमाले नेता भीम रावलले पनि अर्को द्वेषपूर्ण अभिव्यक्ति दिए । उनको ट्विटमा भनिएको थियो,

> वीरगञ्जमा नागरिकता लिनेको भिड लागेको र त्यसमा भारतबाट आउनेको ठूलो संख्या रहेको समाचार आयो । प्रम केपी ओलीको निषेधाज्ञा जनतालाई घरमा बन्द गरेर नेपाली नागरिकता विदेशीलाई समेत चकलेट बाँडे जस्तै गर्नलाई हो कि ? नेपाली जनतालाई जवाफ चाहियो । सम्पूर्ण देशभक्त नेपाली राष्ट्र जोगाउन सक्रिय बनौँ !

उनले पनि वीरगञ्जबाट भारतीयलाई नेपाली नागरिकता वितरण गरेको भन्दै मधेशमाथि क्षेत्रीय विभेद लाद्ने प्रयास गरेका थिए । मधेशीको नेपाली वैधानिकतामाथि उठ्दै आएको प्रश्नलाई बल पुग्ने गरी रावलले यसरी प्रहार गरेका थिए ।

कोरोनाका कारण गरिएको लकडाउनमा सुनसान रहेको वीरगञ्जमा भारतीयहरूलाई नागरिकता बाँडिएको भन्दै आएको रावलको ट्विटको विरोध भयो । रावलले भ्रम फैलाएको भन्दै सामाजिक सञ्जालमा उनीमाथि गालीगलौज समेत भयो । कतिपय राजनीतिक विश्लेषकले उनको गैर जिम्मेवारपूर्ण अभिव्यक्तिको खण्डन गरे (बिडारी २०७८) ।

जेठ ११, २०७८ को बिहान करिब ९:३० बजे रावलले अर्को ट्विट गरेर सरकारसँग जवाफ मागेको भनेर पुरानो ट्विट डिलिट गरे तर माफी चाहिँ मागेनन् । उनले लेखे, “मैले वीरगञ्जमा नागरिकता लिनेको भिड देखियो भन्ने समाचार आयो, सरकारले जनतालाई जवाफ देओस् भनेर सोध्नु कुनै गलत कुरा होइन, सरकारले प्रस्ट पारे भइहाल्यो । तर, उक्त समाचार पुरानो भनी ध्यान आकर्षित गराउनुहुने सबैलाई धन्यवाद दिँदै मेरो त्यो ट्विट हटाउने जानकारी गराउँछु” (हिमालखबर २०७८) ।

माथि दिइएका उदाहरणले देशको नेतृत्व गर्ने व्यक्तिहरूमा पनि मधेशीप्रति द्वेषपूर्ण भाव रहेको प्रस्ट हुन्छ । उनीहरूले परोक्षमा बोल्ने गरेको र मधेशी प्रतिको विभेदकारी दृष्टिकोण सामाजिक सञ्जालबाट पनि व्यक्त गरेको देखिन्छ । नीति-निर्माण तहमा भएका दलका नेताहरू पनि मधेश विरोधी मानसिकता पालेर बसेको देखिन्छ ।

## मधेशी विरुद्ध द्वेषपूर्ण अभिव्यक्तिको विश्लेषण

मधेशी विरुद्ध भएको द्वेषपूर्ण अभिव्यक्ति यस समुदायप्रति अरूमा रहेको गलत बुझाइको परिणाम पनि हुन सक्छ । “मधेशीहरू नेपाली होइनन्, यिनीहरू भारतीय अथवा विहारी हुन्” भन्ने कतिपय नेपाली नागरिकको बुझाइ छ । कोही “इष्ट इण्डिया कम्पनीले केही पैसाका लागि नेपाललाई बुझाएका दासहरू हुन् मधेशी भन्ने पनि सोच्छन्” । फेरि शासकको

बुझाइ पनि यिनीहरूमाथि शासन गर्नुपर्छ, यिनीहरूबाट अधिकभन्दा अधिक लगान (कर) उठाउनुपर्छ भन्ने रह्यो ।

सीके राउत लेख्छन् :

> मधेशीहरू विरुद्ध गोर्खालीहरूको रंगभेद र घृणा, मधेशीहरूप्रति तिनीहरूको घोर तिरस्कारको भावना र कालो-छालाका मानिसलाई देखी नसक्ने धृष्टता ब्रिटिश रेजिडेन्ट र जनरलहरूलाई पनि राम्ररी थाहा थियो । सन् १८१६ ताका नेपालमा ब्रिटिश रेजिडेन्ट रहेका ब्राइन हड्सनले लेखेका छन्—"गोर्खालीहरूको मधेशी प्रति घोर तिरस्कारको भावना र अक्षुण्ण सैनिक अनुशासनले उनीहरूको बफादारीमा विश्वास गर्न सकिन्छ" । भारतमा भएको सिपाही विद्रोहका ताका पनि मधेशीहरू विरुद्ध रंगभेद प्रखर रूपले व्याप्त थियो । गोर्खालीहरूले काला-छाला भएका मधेशीहरू नजिकै बस्न समेत मान्दैनथे, जसका बारेमा फिलीप मेसन लेख्छन्—"विद्रोहका ताका गोर्खालीहरूले आफ्नो टेन्ट काला-मान्छेहरू नजिक लगाउन अस्वीकार गर्दै ब्रिटिशहरू नजिक लगाउन पाउने माँग गरे ।" ... सन् १८१६ मा बेलायत र नेपाल बीच भएको सम्झौता, जसद्वारा अंग्रेजहरूले नेपाललाई वर्षेणी दुई लाख रुपियाँ तिर्नुको साटो मधेशको जमिन नै नेपालको नाम गरिदिए, त्यसमा प्रस्ट लेखिएको छ—"मधेशीहरूले ब्रिटिश सरकारलाई नेपाल विरुद्धको युद्धमा सघाएको कारणले नेपालका राजाले कुनै पनि मधेशीलाई सजाय नदिने कुरा मंजूर गर्दछ ।" तर, त्यसले मधेशीलाई बचाउन सकेन । ... मधेशीहरू शुरूदेखि नै गोर्खालीहरूको क्रुरता र कपटका शिकार हुन पुगे, र उनीहरू अहिलेसम्म सजायस्वरूप भेदभाव, रंगभेद र उपनिवेश भोगिरहेका छन् । (राउत सन् २०१२ : १०–११)

यस्तो मानसिकताको उपजबाट मधेशीहरूसँग हुँदैआएको विभेद अहिले सामाजिक सञ्जालसम्म पुगेको छ । कुनै बेला काठमाडौँको सडक, सार्वजनिक यातायात, विश्वविद्यालय वा पशुपतिनाथमा शिवरात्रीमा आउने मधेशीहरूसँग हुने गरेको शारिरिक एवं मानसिक विभेदको स्वरूप अहिले परिवर्तन भएर सामाजिक सञ्जालमा द्वेषपूर्ण अभिव्यक्तिका रूपमा देखिएको छ । २०६३/६४ सालको मधेश आन्दोलनपछि सडक र समाजमा खुलेआम हुने गरेको विभेदको स्वरूप हालका दिनमा परिमार्जन भएका छन् ।

यस अघिको खण्डमा दिइएका उदाहरण हेर्दा मधेशीका भेषभूषा, भाषा र पहिचानका आधारमा हुने गरेका विभेद सामाजिक सञ्जालमा प्रकट भएको देखिन्छ । सबैजसो उदाहरणमा अझ टड्कारो रूपले प्रकट भएको विभेद वर्ण (रंग) को हो । मधेशीलाई

कालो देखाउन मुखमा कालो रंग पोतेर अभिनय गर्ने कार्य दृश्य मिडियामा भएकै छ । मधेशलाई छालाको रंगले मात्र प्रतिनिधित्त्व गर्न सकिन्छ भन्ने सोच्नु गलत हुन्छ । मधेशको पहिचानलाई सहजै स्वीकार गर्नुभन्दा पनि पहिचानलाई नै बदनाम गर्न वा हास्यपात्र बनाउने कार्य मिडिया र नयाँ मिडिया मार्फत लगातार हुँदैआएको देखिन्छ । त्यस्तै, लबज बिगारेर बोल्ने, मजाक उडाउने जस्ता कार्य सामाजिक सञ्जाल र नयाँ मिडियामा उत्तिकै छ । अर्थात् मधेशीले गर्दैआएको पहिचानको आन्दोलनलाई मजाक वा हास्यको रूपमा चित्रण गरेर पहिचानको समस्यालाई यथावत राख्ने प्रयास भएको छ ।

यस्तो पहिचानलाई ध्यान दिई गरिने द्वेषपूर्ण अभिव्यक्तिको लामो इतिहास छ । नेपाल सरकार नियन्त्रित रेडियो नेपालबाट प्रसारण हुने रामविलास-धनिया कार्यक्रमलाई मधेशीको भाषा र पहिचानमाथि प्रहार गर्ने एउटा कार्यक्रमको रूपमा लिइन्छ । उक्त कार्यक्रमकै सिको गरेर अन्य रेडियो कार्यक्रमहरूले मधेशीको लबजलाई मजाकको रूपमा प्रस्तुत गरेको देखिन्छ । यस्तो कार्यक्रमहरू राज्य नियन्त्रित मिडियाबाट नै प्रसारण भइसकेपछि निजी क्षेत्रका मिडियाले बढावा नदिने कुरै भएन ।

यसै सन्दर्भमा झण्डै दुई दशकअघि नै धीरेन्द्र प्रेमर्षिले लेखेका छन् :

> मधेशप्रति झुक्किएर, राजनीतिक बाध्यताले वा कहिलेकाहीँ केही सदाशयताले सरकारी सञ्चार माध्यमहरूको दृष्टि पुग्ने गर्दछ । मधेश पनि नेपाल हो, मधेशीहरू पनि नेपाली हुन्, उनीहरूका लागि पनि रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सञ्चार माध्यमहरूका केही कर्तव्य छन् भन्ने बोध नीति-निर्माताहरूलाई छ भन्ने कुरा कहीँ-कतैबाट देखिने गरेको छैन । त्यसैले, मधेशको नाममा दिइएको नगण्य समयको उपयोग पनि मधेशीहरूलाई ग्राह्य हुने किसिमले भएको छैन । जसले गर्दा जुन वर्ग, समुदायका लागि भनेर ती कामहरू शुरू गरिएका हुन्, ती वर्ग, समुदायको यो आफ्नो हो भन्ने भावना यसप्रति कहिल्यै आउन सकेन । (प्रेमर्षि २०६१ : ३६५)

यस अघिको खण्डमा बयान गरिएका उदाहरण हेर्दा व्यंग्यको नाममा पनि मधेश विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति हुने गरेको छ । समाजमा भएका विकृतिमाथि आलोचना र तीखो दृष्टि दिनु राम्रो हो । यसले समाजमा भएका कुरीति हट्दै जाने अनुमान गर्न सकिन्छ । तर, केही व्यक्तिको व्यवहारलाई आम समुदायको व्यवहारको रूपमा प्रस्तुत गर्नु मनासिब देखिँदैन । मधेशी देखाउन कालो रंग दल्नै पर्छ, उनीहरूको भाषालाई उट्पट्याङ तरिकाले बंग्याउनै पर्छ भन्ने मानसिकता जब्बर देखिन्छ । यस्तो प्रस्तुतिलाई धीरेन्द्र प्रेमर्षिले कृत्रिम मधेशी भनेका छन्, जो मधेशी बन्ने बहानामा मधेशी समुदायलाई होच्याइरहेका छन् (प्रेमर्षि सन्

२००६) । मधेशी समुदायलाई होच्याउने र अपमान गर्ने काम चलचित्रमा पनि भएको छ (यादव २०७३) । भारतीय चलचित्रहरूमा मुस्लिमलाई खलनायकको रूपमा प्रस्तुत गरेजस्तै नेपाली चलचित्रहरुमा पनि मधेशीलाई खलनायकको रूपमा प्रस्तुत गर्न थालिएको छ । त्यसै गरी, नेपाली चलचित्रमा मधेशी भाषा, भेषभूषा धारण गराएर जोकरको रूपमा पनि प्रस्तुत गरेका चलचित्रहरू युट्यूब लगायत अन्य साइटहरूमा पाइन्छ ।

माथि भनिए झैँ, नयाँ मिडियामा भएको विभेद परम्परागत मिडियाभन्दा केही फरक छ । रेडियो र टेलिभिजनले पनि व्यापकता नलिँदासम्म समाजमा हुने गरेका विभेद र अपमानका घटना एक-दुई गाउँका सीमित व्यक्तिसम्म मात्र पुग्थ्यो । परम्परागत मिडियाबाट प्रकाशित वा प्रसारित द्वेषपूर्ण अभिव्यक्ति केही भूगोलमा पुगे पनि त्यसमाथि प्रतिक्रिया जनाइहाल्न वा खण्डन गरिहाल्न कठिन थियो । तर, अहिले इन्टरनेट आफैमा यस्तो मञ्च हो जस मार्फत सम्प्रेषण हुने एउटा कुनै विभेदका घटना वा अभिव्यक्ति दशौँ लाख मानिसले केही क्षणमै पढ्न, सुन्न र हेर्न भ्याइसक्छन् । त्यसैले, यो माध्यमको संवेदनशीलता र प्रभाव कति छ भन्ने विषय यसबाटै आंकलन गर्न सकिन्छ ।

सामाजिक सञ्जालको एउटा विशेषता भनेको द्वेषपूर्ण अभिव्यक्ति लक्षित विरोध पनि हो । यस्ता नयाँ मिडियाका प्रयोगकर्ता स्वयंले पनि यस्ता द्वेषपूर्ण अभिव्यक्तिको विरोध गरेका छन् । त्यो विरोध यस्ता सामग्रीमा आफ्नो विचार वा सुझाव लेखेर मात्र दिइँदैन यस्ता द्वेषपूर्ण अभिव्यक्ति विरुद्ध आफैले सामग्री बनाई अपलोड पनि गर्न सकिन्छ । यो विश्वव्यापी माध्यम भएकाले निश्चित भूगोलभन्दा बाहिरका व्यक्तिले पनि अभिव्यक्ति दिन सक्छन् । परिवर्तनकामी र बहुलताको सम्मान गर्ने व्यक्तिले मधेशी समुदाय विरुद्ध प्रकट गरिएका द्वेषपूर्ण अभिव्यक्तिको विरोध गरेका देखिन्छन् । मधेशी समुदायप्रति लक्षित यस्ता द्वेषपूर्ण अभिव्यक्तिको विरोध मधेशीले मात्र होइन गैरमधेशीले पनि गरेका छन् । कृषि टीभीको सन्दर्भमा त सो कार्यक्रम प्रसारित हुँदै गर्दा आफ्नो प्रतिक्रिया जनाउँदै एक व्यक्तिले हास्य-व्यंग्य गर्ने नाममा कुनै समुदायको चित्त दुखाउन नहुने सुझाव दिएका थिए ।

यति मात्र होइन, यस्ता अभिव्यक्तिको विरुद्ध उजुरी सम्बन्धित निकायमा पनि गरिएको देखिन्छ । पहिले मधेशीमाथि हुने विभेदको प्रमाण राख्न कठिन हुन्थ्यो । तर, अहिले सामाजिक सञ्जालमा आउने भिडियो, अभिव्यक्ति लगायतका सामग्रीहरू प्रमाणका रूपमा सजिलै सुरक्षित राख्न मिल्छ । विभेद गर्नेहरूमाथि कानूनी कारवाहीका लागि जाने निकायहरू पहिले थिएनन् । पछिल्लो समय त्यस्ता निकायहरू गठन भएका छन्, जहाँ उजुरी दिन सकिन्छ । नेपाल सरकारको जेठ २७, २०७५ गतेको निर्णय अनुसार प्रहरी प्रधान कार्यालय अन्तर्गत, साइबर ब्यूरोको स्थापना गरिएको छ । तत्कालीन प्रहरी महानिरीक्षकद्वारा *साइबर ब्यूरो कार्य सञ्चालन कार्यादेश, २०७५* जारी भई कार्यान्वयन हुँदै आएकोमा असोज १९, २०७७ मा नेपाल राजपत्रमा *प्रहरी नियमावली, २०७१* को

आठौँ संशोधन भई साइबर ब्यूरो सम्बन्धी व्यवस्था भएको हुँदा सोही बमोजिम कार्यान्वयन भइरहेको छ (ज्ञवाली २०७८) ।

साइबर ब्यूरोलाई साइबर अपराध नियन्त्रण र कारवाही गर्न खडा गरिए पनि उसको भूमिका मधेशको सवालमा भने सकारात्मक देखिँदैन । म स्वयंले मधेशसँग सरोकार राख्ने साइबर अपराध सम्बन्धी आधा दर्जनजति निवेदन दर्ता गराउँदा समेत कुनै चासो देखाइएन । प्रेस काउन्सिल नेपालमा मिडिया अनुगमन गर्ने शाखा छ, जसले मिडियामा प्रकाशन एवं प्रसारण भएका सामग्रीहरूको अध्ययन गर्दछ । मिडियामा आएका विभेदकारी सामग्रीहरूलाई आधार मानेर काउन्सिलले सचेत गराउने तथा कारवाही गर्ने गरेको छ । तर, मेरो जानकारीमा आएसम्म मधेश र मधेशीलाई होच्याउने वा अपहेलित गर्ने सामग्रीबारे अहिलेसम्म कुनै कारवाही गरिएको देखिएको छैन । कृषि टीभी सम्बन्धी कार्यक्रममा विरोध चर्किएपछि क्षमा मात्र माग्न लगाउने काम काउन्सिलले गरेको छ । *मधेशी आयोग ऐन,* २०७४ को परिच्छेद ३, दफा ७ को उपदफा (ठ) मा "मधेशी समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने" भनिएको छ (नेपाल सरकार २०७४) । तर, मधेशी आयोगका पदाधिकारी पनि सामाजिक सञ्जालमा चर्चा कमाउन क्षणिक रूपमा विज्ञप्ति जारी गरी चर्चामा आउने र मुद्दा बिर्सने गरेका छन् । यस्ता घटनाहरूको अध्ययन अथवा समाधानका उपाय वा ठोस कारवाहीका लागि पहल गरेको देखिँदैन ।

"मधेशी" शब्द पहिलो मधेश आन्दोलन २०६४ पछि पहिचानको रूपमा स्थापित भएको हो । त्यसअघि मधिसे, मदिसे, भैया, धोती, मनु मखु मर्सिया आदि जस्ता शब्दावली मधेशीका लागि प्रयोग हुन्थ्यो । र, त्यसको अन्तर्यमा हेपाइ लुकेको हुन्थ्यो । उक्त मधेश आन्दोलनले मधेशीमाथि हुने पहिचानगत विभेदलाई केही अन्त्य गर्‍यो । काठमाडौँका सार्वजनिक स्थल, तथा सार्वजनिक यातायातमा हुने प्रत्यक्ष विभेद कम भएको पाइन्छ । तर, त्यसपछि त्यो विभेद संस्थागत भएको देखिन्छ । त्यो विभेद रूपान्तर भएको छ । मधेशीसँग हुने विभेदको रूपान्तरित एउटा क्षेत्र सञ्चार हो । सञ्चार अन्तर्गत रेडियो, टेलिभिजन, अनलाइन र सामाजिक सञ्जाल प्रमुख रूपमा रहेका छन् । सामाजिक सञ्जाल सबैको पहुँचमा भएकाले सञ्जालमा विभेदको स्वरूप प्रस्ट रूपमा देख्न पाइन्छ । मधेशले गरेको आन्दोलनमा मधेशमा बसोबास गर्ने गैरमधेशी वा समता एवं समानताको पक्षमा वकालत गर्नेहरूले पनि सहयोग गर्दैआएका छन् । मधेशीलाई विभेद गर्ने अभिव्यक्तिप्रति उनीहरूले पनि आपत्ति जनाएका छन् (न्यूज ब्यूरो २०७७ख) । संविधानले पनि जात, धर्म, भाषा, लिंग लगायतको आधारमा विभेद गरिनु हुँदैन भन्ने प्रस्ट बोलेको छ । तर, कार्यान्वयनमा भने निकै कमजोर देखिन्छ ।

अनलाइनमा प्रकट हुने द्वेषपूर्ण अभिव्यक्ति सहितको सामग्री राख्ने व्यक्ति वा संस्था अन्ततः त्यस्ता अभिव्यक्ति हटाउन बाध्य भएका छन् । यसको मुख्य कारण अनलाइन सामग्रीमा हुने पाठकको व्यापक सहभागिता सहितको अन्तर्क्रियाले सिर्जना गरेको दबाब नै हो । माथि उल्लेख गरिए झैँ कृषि टीभीले द्वेषपूर्ण अभिव्यक्ति भएको भागको भिडियो हटाउनु वा निर्वाचन आयोगले युट्यूबमा भएको भिडियो हटाउनु व्यापक दबाबको परिणाम थियो । निर्वाचन आयोगले त शुरूको भिडियोमा विवाद आएपछि नयाँ भिडियो नै बनाएर प्रसारण गऱ्यो । माथि उल्लिखित टिकटक मार्फत एक महिलाले मधेशीप्रति घृणा व्यक्त गर्दै प्रसारण गरेको भिडियोमा पनि यही कुरा लागु हुन्छ ।

पाठकको व्यापक दबाबका साथै यसरी सामग्री हटाउन बाध्य हुनुको अर्को कारण यस्तो अभिव्यक्तिलाई कानूनले बन्देज लगाइएकाले पनि हो । विद्यमान कानूनलाई टेकेर कसैले प्रहरीमा उजुरी गरी मुद्दा परेमा त्यस्तो अभिव्यक्ति दिनेविरुद्ध सजायको व्यवस्था पनि कानूनले गरेको छ । यस विषयमा मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाको यो भनाइ महत्त्वपूर्ण छ :

> उक्त कार्यक्रमले स्वतन्त्रताको हक सम्बन्धी व्यवस्था भएको नेपालको संविधान धारा १७ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश १ र समानताको हक सम्बन्धी व्यवस्था भएको धारा १८ को उपधारा (२) र (३) मा समेत कुनै पनि वर्ग समुदायबीच प्रत्यक्ष, अप्रत्यक्ष वा सांकेतिक रूपमा भेदभाव नगरिने कुरा उल्लेख छ । त्यस्तै फौजदारी संहिता, २०७४ को राज्य विरुद्धका कसूर अन्तर्गत दफा ४९(४) मा विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्ध खलल गर्नु वा गराउनु हुँदैन भन्ने उल्लेख भएको छ । सोही ऐनको सार्वजनिक शान्ति विरुद्धको कसूर अन्तर्गत दफा ६५(१) मा कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा कुनै किसिमबाट धर्म, वर्ग, जातजाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालको विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरूका बीच सुसम्बन्ध खलल पार्ने काम गर्नु हुँदैन भन्ने व्यवस्था गरेको देखिन्छ । (तिवारी २०७७)

मुख्य न्यायाधिवक्ता झाको यो भनाइ माथि उल्लिखित कृषि कार्यक्रमका सन्दर्भमा आएको थियो । तर, यो मधेशी समुदाय विरुद्ध गरिने सबै द्वेषपूर्ण अभिव्यक्तिमा पनि लागु हुन्छ ।

सञ्चार माध्यममा मधेशी वा सीमान्तकृत समुदायको पहुँच नहुँदा विभेदजनक सामग्री प्रकाशन प्रसारण हुने गरेको नेपाल सरकारको सञ्चार माध्यम समावेशीकरण सम्बन्धी उच्चस्तरीय आयोगले पनि स्वीकार गरिसकेको छ । सो आयोगको प्रतिवेदनमा भनिएको छ :

> नेपालको राज्य संरचना र शासन व्यवस्थालाई समावेशी बनाउँदै सबै जाति, धर्म, भाषा, संस्कृति तथा लिङ्गलाई मूलप्रवाहमा ल्याउने लोकतान्त्रिक प्रतिबद्धता सञ्चार क्षेत्रमा समावेशीकरणको अभावमा पूर्ण हुने पनि देखिँदैन । राष्ट्रिय स्रोत-साधन तथा अवसरमा समान पहुँच प्राप्त गरी समग्र समाजको विकासमा योगदान दिने वहुभाषिक, वहुजातीय तथा वहुसांस्कृतिक नेपाली समाजको चाहनालाई मूर्तरूप प्रदान गर्न तिनीहरूले सामना गरिरहेका वहुआयामिक विभेदलाई सम्बोधन गरिनुपर्दछ भन्ने अभिव्यक्तिलाई गम्भीरतापूर्वक लिनु र त्यसका लागि ठोस नीति तथा कार्यक्रम कार्यान्वयन गरिनु सिँगो राष्ट्रलाई एकताको सूत्रमा बाँध्नका लागि अपरिहार्य भएको छ । उच्चस्तरीय आयोगको आयोजनामा भएका अन्तर्क्रियाहरूमा सञ्चार माध्यममा कार्यरत विभिन्न जाति तथा भाषाका सञ्चारकर्मीहरूका पीडा र असन्तोषहरू स्पष्ट रूपमा पोखिएका थिए । विशेष गरी सञ्चार माध्यमको व्यवस्थापन तथा उत्पादनमा सीमान्तकृत भाषा, संस्कृति तथा जनसमुदायले उचित स्थान पाउन नसकेको गुनासो, सञ्चार संस्थाहरूमा हुने गरेको लैंगिक विभेद, मातृभाषाको विकासका लागि पर्याप्त अवसर तथा वातावरणको अभाव, मोफसलका पत्रकारहरू मूलप्रवाहमा आउन नसकेको घाउबारे व्यक्त गरिएका विचारहरूले नेपाली सञ्चार माध्यमलाई समावेशीकरण गर्नका लागि राष्ट्रले गम्भीरता अपनाउन ढिला भइसकेको सङ्केत गरेका थिए । (ओझा २०६९ : १८)

## निष्कर्ष

इन्टरनेटको विकास एवं विस्तारसँगै मानवका लागि दुई ओटा गाउँ निर्माण भएको छ । एउटा भौतिक रूपमा देखिने गाउँ र अर्को इन्टरनेटको विभिन्न प्ल्याटफर्महरूले निर्माण गरेको “भर्चुअल” गाउँ । भौतिक गाउँमा मधेशी, आदिवासी जनजाति, दलित, महिला वा सीमान्तकृत समुदायसँग हुने गरेको विभेद इन्टरनेटले बनाएको “भर्चुअल” गाउँमा समेत पुगेको छ । अर्थात् समाजमा हुने गरेको विभेदका घटनाहरू सामाजिक सञ्जालमा पुगेको छ ।

विश्वका विभिन्न भागमा रंग, शारिरिक बनावट, भेषभूषा, भाषा, क्षेत्र, समुदाय लगायतका आधारमा विभेद हुँदैआएको छ । नेपालका मधेशी समुदायमाथि नेपालको विस्तारसँगै समुदाय, भाषा, वर्ण लगायतको आधारमा विभेद शुरू भएको पाइन्छ । यस्ता द्वेषपूर्ण अभिव्यक्ति प्रविधिको विकाससँगै प्रविधिकै मार्फत नयाँ मिडिया र सामाजिक सञ्जालमा पनि रूपान्तरण भएको छ । नयाँ मिडियामा मधेशी विरुद्ध आएका द्वेषपूर्ण अभिव्यक्तिहरूले मधेशीको पहिचानलाई स्वीकार गर्न नचाहेको देखिन्छ । आफ्नो पहिचानप्रति नयाँ पुस्ताका मधेशीहरूमा हिनताबोधको विकास गर्न यी नयाँ मिडियाको प्रयोग त भइरहेको छैन भन्ने आशंका उत्पन्न भएको छ । वि.सं. २०६३ को मधेश आन्दोलनपछि मधेशीहरूले आफ्नो

पहिचानमाथि गौरव गर्न थालेका थिए । त्यसअघि कतिपय मधेशीहरूले आफ्नो पहिचान लुकाउने वा आफ्नो पहिचानप्रति नै लज्जित हुने अवस्था देखिन्थ्यो ।

नयाँ मिडियामा पछिल्लो समय मधेशीहरूको पहुँच ठ्याक्कै यति नै छ भन्ने तथ्यांक त छैन र तर पहिलाभन्दा बढेको अनुमान भने पक्कै गर्न सकिन्छ । झन् ट्विटरमा अहिले पनि मधेशीको पहुँच थोरै छ । पछिल्लो समय फेसबुक, टिकटक र युट्यूब जस्ता प्ल्याटफर्ममा मधेशीहरूको उल्लेखनीय उपस्थिति भएपछि मधेशी विरोधी विषयवस्तुको प्रतिवाद हुने गरेको छ, जसका कारण कतिपयले मधेशी विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिन हच्किएका छन् । विरोध भएपछि सहजै हटाउने गरेका छन् । कतिपय अवस्थामा माफी समेत माग्ने गरेका छन् ।

यसरी समाजबाट परम्परागत मिडिया र सामाजिक सञ्जालसम्म निरन्तरता पाएको विभेद अन्त्य नभए यसले भोलिका दिनमा विद्रोह जन्माउन सक्छ । सामाजिक द्वन्द्व निम्त्याउन सक्छ । एउटा चिया पसलबाट शुरू भएको गफ पत्रिका हुँदै मधेश विरोधी ऋतिक रोशन काण्ड बन्यो (कुँवर २०७८) । सामाजिक सञ्जालमा देखिने द्वेषपूर्ण अभिव्यक्तिका कारण पनि यस्ता काण्ड नदोहोरिएलान् भन्न सकिन्न । परम्परागत मिडिया वा नयाँ मिडियाका विभिन्न माध्यमबाट मधेशी विरुद्ध द्वेषपूर्ण अभिव्यक्तिको सरोकारवालाहरूबाट विरोध भएपछि माफी माग्ने र सामग्री हटाउने चलन पनि बढेको छ । कतिपयले शुरूमा ढिपी गरी त्यस्ता अभिव्यक्तिलाई ढाकछोप गर्ने, कुर्तक अघि सारेर बचाउ गर्न खोज्ने जस्ता प्रयास गर्ने गरेका छन् । तर, चर्को आलोचना एवं सम्बन्धित निकायमा उजुरी पर्न थालेपछि ती अभिव्यक्ति फिर्ता लिने, माफी माग्ने र सामग्री हटाउने अधिकांश चर्चित घटनामा देखिएको छ ।

यस्ता अभिव्यक्ति निरुत्साहित गर्ने मुख्यतः तीन ओटा उपाय देखिन्छ । पहिलो, मधेशी विरुद्ध गैरमधेशी समुदायको आम मानसिकतामा परिवर्तन आउनुपर्छ । अर्थात् मधेशीहरू नेपाली नै हुन्, उनीहरू पनि नेपालको पहिलो दर्जाको नागरिक हुन् भन्ने मानसिकताको विकास हुनु जरुरी छ । दोस्रो, मधेशी समुदायको पहिचानलाई संस्थागत विकास गर्दै विभेदकारी सामग्रीहरू पाठ्यपुस्तकबाट हटाउने, मधेशीहरूका विषयमा राज्यको तर्फबाट विभिन्न निकायमा मधेशी समुदायप्रति सकारात्मक सामग्री सम्प्रेषण गर्ने । र, तेस्रो, मधेशी विरुद्ध मिडियाका विभिन्न स्वरूपबाट हुने विभेद वा दिइने द्वेषपूर्ण अभिव्यक्ति नियन्त्रण गर्न नियामक निकायले जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य निभाउने । त्यसमा संविधान र ऐनमा व्यवस्था गरिए बमोजिम दोषीमाथि कारवाही प्रक्रिया अगाडि बढाउने हो भने यस्तो प्रवृत्ति धेरै हदसम्म नियन्त्रणमा आउँछ । नेपालमा मिडिया साक्षरता कम रहेकोले पनि मिडिया अथवा सामाजिक सञ्जालमा कस्ता सामग्री राख्ने वा नराख्ने भन्नेबारे सर्वसाधारणमा ज्ञानको अभाव छ । नेपालमा मिडिया साक्षरता वा सामाजिक सञ्जालको सदुपयोग

र दुरुपयोगबारे जनचेतना जगाउन सकेको खण्डमा द्वेषपूर्ण अभिव्यक्ति एवं आपराधिक गतिविधि कम हुन सक्छ ।

## धन्यवाद

मैले चलाएको मिडिया साक्षरता अभियान र त्यस अन्तर्गत गरेका कार्यहरूका आधारमा अनुसन्धानमूलक लेख लेख्न प्रोत्साहित गरी अवसर प्रदान गर्ने मार्टिन चौतारी र यस संस्थाका सोहन प्रसाद साहलाई धन्यवाद । अनुसन्धान र लेखनका समग्र पक्षबारे मेन्टरिङ गर्नुहुने हर्षमान महर्जनप्रति आभारी छु । शुरूआती चरणमा नयाँ मिडिया वा सामाजिक सञ्जालका विभिन्न पक्षबारे बुझ्न मद्दत गर्ने ब्लगर सालोक्य (उमेश श्रेष्ठ), अनुसन्धानमा समावेश घटनाहरूमा मुद्दा गर्न सघाउने अधिवक्ताहरू राहुल झा, शिशिर यादवलाई पनि धन्यवाद । मार्टिन चौतारीले पुस १–२, २०७९ मा जनकपुरमा आयोजना गरेको अनुसन्धान प्रस्तुति कार्यशालाका क्रममा यो अनुसन्धानपत्रमाथि टिप्पणी सहित महत्त्वपूर्ण सुझाव दिनुहुने रोशन जनकपुरी तथा अन्य सहभागीहरूप्रति पनि धन्यवाद व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्री

अनलाइनखबर । २०७७ । कृषि टिभीले बन्द गर्‍यो 'कोरोना बिर्साउने गफगाफ'; कार्यकारी निर्देशक भन्छिन् : अब यस्तो गल्ती दोहोर्‍याउँदैनौं । जेठ १० । www.onlinekhabar.com/2020/05/866795 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

अलि, मोहम्मद अजमत । सन् २०१६ । ट्विट नै डिलिट गर्नु पर्ने गरी मधेशको बारे के लेखेका थिए शंकर पोखरेलले । *बिजपाटी*, सेप्टेम्बर १६ । https://bizpati.com/samachar/1199 मा उपलब्ध; पुस २५, २०७९ मा हेरिएको ।

ओझा, सुशील कुमार, संयोजक । २०६९ । सञ्चार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग-२०६९ को प्रतिवेदन । https://mocit.gov.np/application/resources/admin/uploads/source/Report/samaweshikaran-pratibedan.pdf; मा उपलब्ध; पुस २५, २०७९ मा हेरिएको ।

कुँवर, नवराज । २०७८ । फेक न्युजको महामारी : त्यो ऋतिक रोशन काण्ड, यो एमसीसी सम्झौता । *शिलापत्र*, असोज १० । https://shilapatra.com/detail/67788 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

ज्ञवाली, विजय । २०७८ । नेपालको साइबर ब्यूरो : नाममात्रको ब्यूरो, क्षमता भने जिरो ! *जागरण पोष्ट*, माघ ३ । https://jagaranpost.com/51463/01/ मा उपलब्ध; पुस २५, २०७९ मा हेरिएको ।

तिवारी, अजित । २०७७ । मधेसीलाई होच्याएको भन्दै टीभी कार्यक्रम रोक्न संघलाई प्रदेश २ को पत्र । *कान्तिपुर*, जेठ ८ । https://ekantipur.com/pradesh-2/2020/05/21/159005088762536453.html मा उपलब्ध; माघ २, २०७९ मा हेरिएको ।

थामी, टेकराज । २०७९ । धरौटीमा छुटे कमेडियन अपूर्व । *नयाँ पत्रिका*, कात्तिक ३ । www.nayapatrikadaily.com/news-details/98309/2022-10-20 मा उपलब्ध; माघ २, २०७९ मा हेरिएको ।

निर्वाचन आयोग । २०७९ । निर्वाचन आचारसहिंता, २०७९ (पहिलो संशोधनसहित) । https://election.gov.np/admin/public//storage/HoR/LAw/निर्वाचन%20आचारसंहिता,%20२०७९.५.१३%20पहिलो%20संशोधन%20समेत.pdf मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०७४ । मधेशी आयोग ऐन, २०७४ । https://lawcommission.gov.np/np/?cat=744 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

न्यूज ब्यूरो । २०७७क । कृषि टिभी र प्रस्तोतालाई कारवाही गर्न माग, विरोधका कार्यक्रम सार्वजनिक । जेठ ७ । https://enewsbureau.com/news-details/ 7541/2020-05-20 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

न्यूज ब्यूरो । २०७७ख । मधेशी 'चुतिया, भेले, चोर, डाकु, धोती र ईण्डियन' भनेपछि...: एउटै देशमा दोस्रो दर्जाको नागरिक सरह मधेशीलाई व्यवहार गर्दै आएको देखिएको छ । जेठ ११ । https://enewsbureau.com/news-details/7623/2020-05-24 मा उपलब्ध; पुस १५ मा हेरिएको ।

पौड्याल, अजवी । २०७६ । महिलालाई असुरक्षित सामाजिक सञ्जाल । *सिआइजे-नेपाल*, साउन ४ । https://cijnepal.org.np/00027-2019/ मा उपलब्ध; पुस १५ मा हेरिएको ।

प्रेमर्षि, धीरेन्द्र । २०६१ । रेडियोमा मधेश र मधेशी । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३४९–३६६ । काठमाडौँ : मार्टिन चौतारी ।

प्रेमर्षि, धीरेन्द्र । सन् २००६ । मधेशको टुटुल्को मात्र देख्ने नेपाली मिडिया । *मधेश : समस्या र समाधान* । वसन्त थापा र मोहन मैनाली, सं., पृ. १२७–१५३ । काठमाडौँ : सोसल साइन्स बहाः ।

प्रेस काउन्सिल नेपाल । २०७७ । टेलिभिजनलाई सार्वजनिकरूपमा क्षमायाचना गर्न निर्देशन । जेठ १३ । www.presscouncilnepal.gov.np/np/2020/05/26/2853/ मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

बिडारी, सन्तोष । २०७८ । नागरिकताका विषयमा भीम रावलले फैलाएको अफवाह । *अनलाइनखबर*, जेठ ११ । www.onlinekhabar.com/2021/05/959657 मा उपलब्ध; पुस २२, २०७९ मा हेरिएको ।

यादव, अनिल । २०७३ । मधेशीको मजाक । *शुक्रबार*, साउन ३ । https://shukrabar.nagariknetwork.com/news/372 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

राउत, सीके । सन् २०१२ । *बैरागदेखि बचावसम्म* । ललितपुर : मिलेनियम पब्लिकेशन्स ।

हिमालखबर । २०७८ । भीम रावलले गलत बोले, तर माफी मागेनन् ! जेठ ११ । www.himalkhabar.com/news/123805 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।

हुलाकी न्यूज । सन् २०१६ । शंकर पोखरेलले मानसिक सन्तुलन गुमाए : फोरम नेता शाह । सेप्टेम्बर ६ । www.hulakinews.com/archives/10009 मा उपलब्ध; पुस १६, २०७९ मा हेरिएको ।